**आशय-पत्र माग सम्वन्धमा**
**जलेश्वर नगरपालिका**
**नगर कार्य समितिको कार्यालय, महोत्तरी**
**प्रकाशित मिति : २०७६।२।२७ सोमवार**

नेपाल सरकार र स्वीट्जरल्याण्ड सरकार बीच भएको सम्झौता अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मार्फत यस.महोत्तरी जिल्लामा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि आप्रवासी श्रोत केन्द्र (सूचना केन्द्र) सञ्चालन गर्ने तथा जलेशवर नगरपालिका, गौशाला नगरपालिका, बर्दिवास नगरपालिका र पिपरा गाउँपालिकामा समुदाय सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता सम्वन्धी कार्यक्रमहरु सञ्चालनमा सहयोग पुर्‍याउनकालागि सञ्चालन हुन गईरहेको सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Program) का लागि आवश्यक परामर्श सेवा उपलब्ध गराउन ईच्छुक नेपालको प्रचलित नियमानुसार देहायका योग्यता पुगेका संघ, संस्था एवं कम्पनिहरुबाट उक्त सेवा उपलब्ध गराउने सम्बन्धी आशय-पत्र आहवान गरिएको छ । योग्यता पुगेका इच्छुक संस्थाहरुले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन भित्रमा** (अन्तिम दिन बिदा पर्न गएमा त्यसको भोलीपल्ट) कार्यालय समयमा जलेश्वर नगरपालिकाको कार्यलय, महोत्तरीमा आई पूगने गरी निर्धारित ढाचामा आशय-पत्र पेश गर्न सकिनेछ । आशय पत्रको ढाचा, सूचीकरणको आधार एव अन्य थप आवश्यक कुराहरु जलेश्वर नगरपालिकाको वेभ साइट www.jaleshwormun.gov.np मा राखिएको छ।

(१) आशयपत्रदाताको योग्यता :

क) अनुभव : कम्तिमा पाँच बर्ष अगाडि दर्ता भई कार्यक्रम सञ्चालन गरेको ।

ख) प्रस्तावित कार्यसँग मिल्ने कार्यको अनुभव भएकोलाई प्राथमिकता दिइनेछ ।

(२) प्रस्तावित कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय : कम्तिमा तीन बर्ष परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

(३) संक्षिप्त सूचीमा परेका फर्म, संस्था वा कम्पनीबाट मात्र परामर्श सेवा खरिद सम्बन्धि प्रस्ताव माग गरिनेछ ।

(४) आशय-पत्र दाताले आशय-पत्र साथ आशयपत्रको नमुनामा उल्लेख भए बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(५) आशय-पत्र पेश गर्ने स्थान : जलेश्वर नगरपालिकाको कार्यालय, महोत्तरी

(६) आशय-पत्र तयार गर्ने निर्देशन आशयपत्रको ढाँचामा नै समावेश गरिएको छ उक्त निर्देशन पालना नभएको आशयपत्र उपर कारवाहि गरिने छैन ।

(७) सुरक्षित आप्रवासनसम्बन्धि सम्पुर्ण परामर्श सेवा एउटै परामर्शदाताबाट दिनु पर्नेछ ।

८) यो सेवा प्रदान गर्नको लागि कुनै पनि व्यक्ति वा संस्थासंग उप सम्झौता (sub contract) गर्न पाईनेछैन । तर रेडियो मार्फत प्रसारण हुने रेडियो जिङ्गल प्रसारण तथा आप्रवासी कामदार हकहित सञ्जालसंग उप सम्झौता गर्न यो बुदाँले वाधा पुर्‍याउने छैन।

(९) आवश्यक थप जानकारीका लागि सम्पर्क गर्ने व्यक्ति र ठेगाना : नितेस चौधरी, प्राबिधिक शाखा, जलेश्वर नगरपालिकाको कार्यालय, जलेश्वर, महोत्तरी, इमेल jaleshwormun@gmail.com